अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री बैदा सामुदायिक वन उपभोक्ता समूह

## बारबर्दिया न.पा. १०, बैदा, बर्दिया

प.स.

च.नं. १६

मिति: २०८२/११/२६

विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. १ (२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८२।११।२६

श्री बैदा सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/११/२६ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस बैदा सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. १० बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आहान गरिन्छ ।

तपसिल

१.वन पैदावारको बिवरण:-

| लट नं. | वन पैदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्युनतम मुल्य रु | | मूल्याकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | अन्य | १ | N | २.८१ | ०.०२ | १०० | ४००० | २८१ | ८० | काठ दाउरा संकलन खर्च साकार कर्तालि व्यहोर्नु पर्नेछ |
| | कुसुम | ६ | N | ५०.७८ | ०.२० | १०० | ४००० | ५०७८ | ८०० | |
| | खयर | ४७ | N | २००.७७ | ०.१८ | १००० | ४००० | २००७७० | ७२० | |
| | डुम्री | १ | N | १.९२ | ०.०२ | १०० | ४००० | १९२ | ८० | |
| | बकाइनो | ५ | N | ९.४६ | ०.०८ | १०० | ४००० | ९४६ | ३२० | |
| | बाँझी | १४ | N | ३८.४६ | ०.५६ | १०० | ४००० | ३८४६ | २२४० | |
| जम्मा | | ७४ | | ३०४.२० | १.०६ | | | २११११३ | ४२४० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८२।१२।१७ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैंक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००००३४०६००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमांनत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु १०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र बैदा सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई

अनुसूची १

(दफा ३३ को उपदफा (१) संग सम्बन्धित)

# श्री बैदा सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. १०, बैदा, बर्दिया

लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।१२।१७ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

